# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, माघ १ गते २०३० साल [संख्या ३९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

नारायणी अञ्चलाधीश कार्यालयमा दायर रहेको वादी श्री ५ को सरकार प्रतिवादी मोहनचन्द्र अधिकारी समेत भएको राजकाज अपराधसम्बन्धी मुद्दा उक्त कार्यालयबाट झिकी कारवाई र किनारा गर्न खण्ड २३, मिति २०३०।३।३१, अतिरिक्ताङ्क २० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठन भएको वाग्मती अञ्चल अदालतका अतिरिक्त अञ्चल न्यायाधीश श्री त्रिलोकप्रताप राणाको एक सदस्यीय विशेष अदालतलाई सुम्पिएको छ ।

आज्ञाले—

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।